सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

**आदेश**

०७३-WO-१२०५

विषयः उत्प्रेषण।

अधिवक्ता धनबहादुर श्रेष्ठसमेत............................................................................ निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत................................................. विपक्षी

स्थनीय तहको संख्या थप गर्ने र सीमाना हेरफेर गर्ने सम्बन्धमा नेपाल सरकारबाट भएको कामकारवाही र निर्णयउपर परेको प्रस्तुत रिट निवेदनका सन्दर्भमा निवेदन सहितको मिसिल अध्ययन गरी निवेदकका तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ताहरू श्री शम्भु थापा, श्री रामप्रसाद श्रेष्ठ तथा विद्वान अधिवक्ताहरु श्री टिकाराम भट्टराई, श्री रमेश बडाल, श्री धनबहादुर श्रेष्ठ, डा. श्री सुरेन्द्र भण्डारी, श्री गोपाल श्रेष्ठ, श्री रुद्र नेपाल र विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान नायव महान्यायाधिवक्ता श्री किरण पौडेलले गर्नु भएको वहस समेत सुनियो ।

अन्तरिम आदेश जारी गरी पाउँ भन्ने निवेदन जिकिरका सन्दर्भमा हेर्दा नेपालको संविधानको धारा २९५(३) मा "धारा ५६ को उपधारा (४) र (५) बमोजिम निर्माण हुने गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या र सीमाना निर्धारण गर्नका लागि नेपाल सरकारले एक आयोग गठन गर्नेछ। त्यस्तो आयोगले गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या र सीमानाको निर्धारण नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम गर्नु पर्नेछ" भन्ने व्यवस्था रहेको देखिन्छ। उल्लेखित प्रावधानको कार्यान्वयनको क्रममा नेपाल सरकारले गठन गरेको आयोगले मिति २०७३।१०।२२ मा प्रतिवेदन प्रस्तुत गरे अनुसार ७४४ वटा स्थानीय तहको संख्या तोकी सीमाना निर्धारण गरिएको देखिन्छ। यस सम्बन्धी सूचना मिति २०७३।११।२७ को राजपत्रमा प्रकाशित भएको समेत देखियो।

प्रचलित ऐनमा रहेका प्रावधान तर्फ दृष्टिगत गर्दा स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ४ बमोजिम निर्वाचन मिति तोकी सकेपछि स्थानीय तहको संख्या र सीमाना हेरफेर गर्न मिल्ने अवस्था देखिँदैन। गाउँपालिका तथा नगरपालिकाको वडाको संख्या निर्धारण ऐन, २०७३ को दफा ३(४) को प्रयोजनका लागि २०७३।११।२७ को नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार गाउँपालिका र नगरपालिकाको सीमाना र केन्द्र निर्धारण भैसकेको देखिन्छ। यसरी निर्धारण गरिएको संख्या र सीमाना उक्त ऐनको दफा ५ बमोजिम नेपाल सरकारले आवश्यकता अनुसार हेरफेर गर्न सक्ने भए पनि वडाको संख्या र सीमाना हेरफेर गर्नुपूर्व सो प्रयोजनको लागि गाउँसभा वा नगरसभाको तत्काल कायम रहेको सदस्य संख्याको दुई तिहाई बहुमतबाट प्रस्ताव पारित भएको हुनु पर्ने देखिन्छ। यसको साथै उक्त ऐनको दफा ५ को उपदफा (५) बमोजिम वडाको संख्या र सीमाना हेरफेर गर्नु पर्दा गाउँपालिका र नगरपालिकाको निर्वाचन हुनु भन्दा कम्तिमा एक बर्ष अगावै गरी सक्नु पर्ने हुन्छ। ऐनमा रहेको उल्लेखित प्रावधान तर्फ दृष्टिगत गर्दा निर्वाचन मिति घोषणा भई निर्वाचन प्रक्रिया अगाडि बढी सकेको अवस्थामा गाउँपालिका तथा नगरपालिकाको सहमति नै नलिई (प्रस्ताव पारित नभएको स्थितिमा) वडाको संख्या तथा सीमाना हेरफेर गर्नु कानून अनुकूल हुने देखिदैन।

प्रस्तुत विवादका सन्दर्भमा हेर्दा नेपालको संविधानको धारा २९५(३) बमोजिम गठित आयोगको प्रतिवेदनका आधारमा गाउँपालिका, नगरपालिकाहरुको संख्या, वडा सीमाना, केन्द्र आदि निर्धारण गर्ने गरी नेपाल सरकारबाट मिति २०७३।११।२२ मा निर्णय गरी २०७३।११।२७ मा नेपाल राजपत्रमा सूचना प्रकाशित गरिएको देखियो। सोही बमोजिम कायम भएका स्थानीय तहलाई निर्वाचन क्षेत्र मानेर निर्वाचन मिति घोषणा भई प्रथम चरणको निर्वाचन समेत मिति २०७४।१।३१ गते सम्पन्न भई जेष्ठ ३१ गते दोश्रो चरणको निर्वाचन हुने गरी प्रक्रिया अगाडि बढाईएको समेत देखिन्छ। यस अवस्थामा मिति २०७४।१।२९ को निर्णयानुसार माननीय उपप्रधानमन्त्री एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा समिति गठन गरी उक्त समितिको प्रतिवेदनका आधारमा नेपाल सरकारले मिति २०७४।२।८ मा केही गाउँपालिका तथा नगरपालिकाको संख्या थप, हेरफेर र स्तरोन्नती गरी तिनीहरुको नाम, संख्या, सीमाना हेरफेर गर्ने गरी निर्णय गरेको कुरा खण्ड ६७, संख्या ७, मिति २०७४।२।११ को नेपाल राजपत्रमा प्रकाशित सूचनाबाट समेत देखिन आयो।

कानूनको शासन सम्बन्धी मान्यता अनुसार संविधान र कानून बमोजिम राजनीतिक काम कारवाही र क्रियाकलाप संचालित हुने हो। संविधान र कानूनमा रहेका प्रावधानको प्रतिकूल हुने गरी भएका काम कारवाहीको औचित्य प्रमाणित हुन सक्दैन। माथि उल्लेख भए अनुसार कानूनी व्यवस्था र सरकारबाट भएका काम कारवाहीतर्फ दृष्टिगत गर्दा स्थानीय

तहको संख्या, सीमाना हेरफेर गर्ने सम्बन्धमा नेपाल सरकारबाट मिति २०७४।१।२९ मा भएको निर्णय र सो बमोजिम भएका काम कारवाहीहरु कानून अनुकुल भएको देखिन आएन। तसर्थ मिति २०७३।११।२७ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम निर्धारण गरिएका स्थानीय तहको संख्या तथा सीमाना हेरफेर गर्ने सन्दर्भमा भएका नेपाल सरकारको मिति २०७४।१।२९ को निर्णय र सो का आधारमा भएका सबै काम कारवाही तथा निर्णय यो निवेदन किनारा नलागेसम्म कार्यान्वयन नगर्नु, नगराउनु भनी सर्वोच्च अदालत नियमावली २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूको नाउँमा अन्तरिम आदेश जारी गरिएको छ।

निवेदकले उठाएको अर्को विपय सम्बन्धमा हेर्दा टिकापुर घटनाका पीडितलाई राहत प्रदान गर्ने सम्बन्धमा अन्तरिम आदेश जारी गरी सो प्रक्रिया रोक्नु पर्नेसम्मको कुनै उचित कारण देखिन नआएको हुँदा सो सम्बन्धमा अहिले अन्तरिम आदेश जारी गरी रहन परेन। अरु नियमानुसार गर्नु।

न्यायाधीश

न्यायाधीश

इति संवत् २०७४ साल जेष्ठ १२ गते रोज ६ शुभम्--------------------।